परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ३८ २०८१ वैशाख २३ गते आईतवार Sunday 5, MAY 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गरार्य दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## बाँतर समुदायको महिलाहरू पटेरको गुन्द्री बेचेर जसोतसो जीविकोपार्जन गर्दै



बाँतर समुदायको महिलाले पटेरको गुन्द्र बुन्दै ।

विराटनगर । कोशी प्रदेशकोको सुनसरी जिल्लाको कोशी गाउँपालिका-२ कुशहा टोलका बाँतर समुदायका महिलाहरुले पटेरको गुन्दी बेचेर जसोतसो जिविकोपार्जन गरि रहेका छन् ।

वर्षौंदेखि पटेरको गुन्दी बनाएर विक्री वितरण गर्दै आएका बाँतर समुदायका महिलाहरु अहिले सम्म पूर्ण रुपमा आत्मनिर्भर हुन सकेका छैनन् । उनीहरुले बनाएको गुन्द्रीले समेत उचित बजार पाउन सकेको छैन ।

वर्षौंदेखि बाँतर समुदायका व्यक्तिहरु राज्यको मुल प्रबाहाबाट बाहिर रहेपछि त्यसलाई मुल प्रवाहमा ल्याउन सरकारले कुनै कदम चालेको छैन । उनीहरु राजनीतिक, आर्थिक र सामाजिक रुपमा पनि पछि परेका छन् ।

गरीबिको रेखामुनी रहेका बाँतर समूदायका महिलाहरु पटेरबाट उत्पादन गरेको गुन्द्रीलाई बजारहरुमा लगेर बेचविखन गर्छन । उनीहरुले उत्पादन गरेको गुन्द्री विक्रि गरेर मासिक ६ हजार मात्र आम्दानी गर्ने गर्दछन् । सोही रकमबाट जेनतेन जीविकोपार्जन गर्दैआए का छन् ।

सरकारले कुनै पनि स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेको छैन । जसले गर्दा उनीहरुले वर्षौंदेखि गर्दै आएको पुर्खौली पेसा लोप हुने सम्भावन बढेको छ । तीनै तहको सरकारले जातिय उत्थानको नाममा

वांकी अन्तिम पेजमा...

## सौतेनी आमाको हत्या गरेको आरोपमा छोरा पक्राउ

इलाम । इलामको माई नगरपालिका-२ दिपु डाँडा स्थितमा सौतेनी आमाको हत्या आरोपमा छोरालाई प्रहरीले पक्राउ गरेको छ ।

सोमवार मादक पदार्थ सेवन गरेर घर आएका २१ बर्षिय सन्देश दियालीले घरायसी वाद विवादको क्रममा आफ्नै सौतेनी आमा ३१ बर्षिया नेत्र माया खवासलाई धारीलो हतियार बाम्फोकले शरीरको बिभिन्न भागमा प्रहार गर्दा उनको घटना स्थलमा नै मृत्यु भएको थियो ।

प्रहरी चौकी दानबारीबाट तत्काल घटनास्थलमा खटिएको प्रहरी टोलीले हत्यामा संलग्न दियालीलाई धारीलो हतियार सहित नियन्त्रणमा लिएको थियो ।

घटना सम्वन्धमा थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

त्यसैगरी धनकुटाको, धनकुटा नगरपालिका-१० की ३१ बर्षीया सरिता श्रेष्ठको हत्या गरेको आरोपमा स्थानीय ३५ बर्षीय टल्के भनिने दिल बहादुर बिशुखेंलाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार बिहान स्थानीय बम बहादुर तामाङको खाली रहेको घरमा मृत फेला परेकी श्रेष्ठको सम्बन्धमा अनुसन्धान गर्ने क्रममा श्रेष्ठको हत्या भएको खुल्न आएसंगै प्रतिवादीको खोजतलासमा खटिएको प्रहरी टोलीले बिशुखेंलाई बुधवार बेलुका पक्राउ गरेको थियो ।

हत्या आरोपमा पक्राउ परेका बिशुखेंको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अदालतको फैसलाबाट पुनर्बहाली

विराटनगर । कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव कृष्ण बस्नेतले उच्च अदालत विराटनगरको फैसलाबाट पुनर्वहाली भएको छ । पुनर्बहालीपछि बस्नेतले विहीवार देखि नै कार्यभार सम्हालेका छन् ।

बस्नेतलाई मुख्यमन्त्री भीमप्रसाद आचार्य नेतृत्वको तत्कालिन सरकारले २०७८ असोज २४ गते ४ वर्षका लागि प्रदेश खेलकुद विकास बोर्डको सदस्यसचिवमा नियुक्त गरेको थियो । आचार्य नेतृत्वको सरकार विस्थापित भएर राजेन्द्रकुमार राई नेतृत्वमा बनेको सरकारले २०७८ चैत २१ गते बर्खास्त गर्ने निर्णय लिएको थियो ।

त्यसपछि उनी ६ महिनामै पदमुक्त भएका थिए । उक्त निर्णयविरुद्ध बस्नेतले २०७९ वैशाख १४ गते उच्च अदालत विराटनगरमा रिट दायर गरेका थिए । रिटमाथि गत सोमबार अन्तिम सुनुवाइ गर्दै उच्च अदालत विराटनगरका न्यायाधीशहरू ममता खनाल र केशवप्रसाद बाँस्तोलाको संयुक्त इजलासले तत्कालीन मन्त्रिपरिषद्को निर्णय बदर गर्दै बोर्डको सदस्यसचिवमा बस्नेतको पुनर्बहाली हुने फैसला गरेको थियो ।

बस्नेतलाई पदमुक्त गरेर २०७८ चैत २२ गते बोर्डको सदस्य सचिवमा हंशराज वाग्लेलाई नियुक्त गरिएको थियो । वाग्लेलाई पनि तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारले २०८० जेठ

वांकी अन्तिम पेजमा...

## भेटेरिनरी सेवालाई पूर्णता दिन सफल भएको दावी

विराटनगर । प्रदेश स्थापनाको ६ वर्षको अवधिमा भेटेरिनरी सेवालाई पूर्णता दिन आफूहरु सफल भएको कोशी प्रदेशका कृषि मन्त्री राम कुमार खत्रीले दावी गरेका छन् ।

प्रदेश सरकार मन्त्रीपरिषदको शुक्रबार बसेको बैठकले उदयपुरको १५ बेड क्षमताको कटारी अस्पताललाई स्तरोन्नति गर्दै ५० बेड क्षमताको बनाउने निर्णय भएपछि सो कुरा वताएको थियो ।

मदन भण्डारी राजमार्ग र सिद्धिचरण राजमार्गमा पर्ने उक्त अस्पतालको स्तरवृद्धी गर्न स्थानीयले माग गर्दै आएका थिए । उक्त अस्पतालमा सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, सप्तरी र सिरहाका आधाजसो मानिसले सेवा लिन आउने गरेको कृषि मन्त्री खत्रीले जानकारी दिएको थियो ।

त्यसैगरी मन्त्रीपरिषद बैठकले इलाम, ताप्लेजुङ, तेह्रथुम, भोजपुर, खोटाङ र सोलुखुम्बुमा भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र स्थापना गर्ने निर्णय पनि गरेको छ ।

'पशुपालन व्यवसायलाई निर्वाहमुखीबाट व्यवसायीकी करण गरी दूध, अण्डा, मासु, उन लगायतका पशुजन्य पदार्थको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन एवम् निर्यात गर्न सक्ने चरणमा पुऱ्याउने उद्देश्यका साथ विज्ञ केन्द्र तथा अस्पताल निर्माण गर्ने निर्णय गरिएको मन्त्री खत्रीले भने, 'खोरेत, पिपिआर, स्वाइन फिवर, रानीखेत, एचएसबिक्यू लगायतका रोगबाट मुक्त कोशी प्रदेश बनाउने महत्वकांक्षी योजना हामीले बनाएका हौं ।'

उद्योग कृषि तथा सहकारी मन्त्रालयले स्थानीय सरकारसँग हातेमालो गर्दै संघीय सरकार समेतको सहकार्यमा कोशी प्रदेशमा गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, कुखुरा, याक, नाक, चौरी लगायतका पशु पंक्षीको उत्पादन र उत्पादकत्व बढाउने, स्वरोजगार बढाउने, आयात प्रतिस्थापन गर्ने, निर्यात बढाउन पशु सेवा, पशु स्वास्थ्य, नश्ल सुधार, घाँस उत्पादन क्षेत्र किसानलाई विज्ञ केन्द्र र अस्पतालले सहयोग गर्ने जनाएको छ । 'नयाँ प्रविधि किसानको गोठमा पुऱ्याउन,

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिव सुन्दर ज्वेलर्स
परिवार रामजानकी पथ विराटनर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

महेश कुमार साह स्वर्णकार (अध्यक्ष)
नेपाल सोनार समाज मोरंग परिवार

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## लागुऔषध...

मिलिग्राम ब्राउन सुगर सहित प्रहरी चौकी शनिश्चरेले र मेचिनगर-१५ का २६ बर्षीय पर्वत राजबंशीलाई ३४० मिलिग्राम ब्राउनसुगर सहित प्रहरी चौकी ज्यामिरगढीले पक्राउ गरेको थियो ।

सुनसरी र खोटाङको २ स्थानबाट अबैध लागुऔषध सहित ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । सुनसरीको कोशी पुल स्थितमा इलाका प्रहरी कार्यालय चतराबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले चतराबाट उदयपुरतर्फ जाँदै को ३२ प ७६२१ नम्बरको मोटरसाईकललाई रोकेर चेकजाँच गर्दा ट्रामाडोल २४० पिस, स्पाइस २० पिस , डिकोलिक २०० पिस सहित मोटरसाईकल चालक उदयपुरको चौदण्डी नगरपालिका-३ का ३५ बर्षिय सुजिल राई र पछाडी सवार उदयपुरको बेलका नगरपालिका-५ का २८ बर्षिय मिलन राईलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय खोटाङ बजारबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले खोटाङबजार स्थित दिक्तेल सडक खण्डमा दक्षिणबाट उत्तरतर्फ आउदै गरेको बाग्मती ८६ प. ८८४० नम्बरको मोटरसाईकललाई रोकेर चेकजाँच गर्दा मोटरसाईकल चालक खोटाङको खोटेहाङ गाउँपालिका-७ का २८ बर्षिय विपक राई र २७ बर्षिय मदन विश्वकर्मालाई स्पासरेस्ट २५६ ट्याबलेट, ट्रामा हाईट्रो कोलोरी २४६ ट्याबलेट र लागुऔषध गाँजा २५० ग्राम सहित नियन्त्रणमा लिईएको छ ।

घटना सम्बन्धमा सम्वन्धित प्रहरी कार्यालयहरुवाटठ थप अनुसन्धान भईरहेको छ ।

## अदालतको...

३ गते बर्खास्त गरेको थियो ।

यसैबीच बिहीबार बस्नेतले सदस्यसचिवको कार्यभार सम्हाल्न पुग्दा खेलकुद विकास बोर्डको कार्यालयमा भने ताला लगाइएको थियो । कार्यालयमा ताला लगाएर कर्मचारीहरु ओलम्पियन्स पुनर्मिलन तथा प्रथम स्पोर्टस सेलिब्रेटी कार्यक्रममा सहभागी हुन गएपछि बस्नेतले ताला फुटाएर पदभार ग्रहण गरेको थियो ।

## बाँतर...

करोडौं रुपैयाँ विनियोजन गरेको हुन्छ । तर बाँतर समूदायको कुनै पनि पेसालाई आत्मनिर्भर बनाउनका लागि रकम विनियोजन हुँदैन । उनीहरुको नाममा विभिन्न संघ संस्थाहरुले कार्यक्रमहरु गरे पनि उनीहरुको पहुँचमा पुग्दैन । यसबारे उनीहरु सँधै बैखवर हुन्छन् । खेतीपाती र गुन्द्री बनाउने बाँतर समूदायको मुख्य पेसालाई सरकारले संरक्षण गर्नुपर्ने बाँतर समूदायका कोशी गाउँपालिका संयोजक रामबाबु सरदार वताए ।

बाँतर समुदायका महिलाहरुले उत्पादन गरेको गुन्द्री मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, मोहतरी लगायतका शहरहरुको विभिन्न ठाउँमा लाग्ने हाटबजार, मेलामा विक्रि हुने गरेका छन् ।

गुन्द्री बनाउने सीप पनि एउटा कालिगरी भित्र पर्छ । यसको बजारीकरणमा स्थानीय सरकारले ध्यान दिएको खण्डमा गुन्द्र बनाउने सीपलाई आय आर्जनको माध्यम बनाउन सकिन्छ । गुन्द्री बनाउने पेशाबाटै स्थानीयलाई आत्मनिर्भर पनि बनाउन सकिन्छ ।

बाँतर समूदायका मानिस हरुलाई शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा माथि उठाउने दायित्व सरकारको भएकोले यस तर्फ ध्यान दिनुपर्ने बाँतर समूदायका कोशी गाउँपालिका संयोजक रामबाबु सरदारको भनाई छ ।

## भेटेरिनरी...

किसानका समस्या अनुसन्धान केन्द्र र सरकारसम्म पुऱ्याउन सहज होस् भनेर कोशी प्रदेशका १४ जिल्लामै कार्यालय स्थापना गरिने भएको हो', मन्त्री खत्रीको भनाई थियो ।

यसअघि कोशीका इलाम, ताप्लेजुङ, तेह्रथुम, भोजपुर, खोटाङ र सोलुखुम्बु जिल्ला भेटेरिनरी अस्पतालबिहीन थिए ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील बस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसंग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| शशि राई | देवीमाया काफ्ले | मोहन प्रसाद तुम्वापो |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

पथरी शनिश्चरे नगरपालिका, नगर पालिकाको कार्यालय, मोरंग कोशी प्रदेश

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| राजेन्द्र प्रसाद पराजुली | शिल्पा निराला कार्की | नागेश कोइराला |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | महानगर उप-प्रमुख | महानगर प्रमुख |

विराटनगर महानगरपालिका, महानगर पालिकाको कार्यालय मोरंग कोशी प्रदेश

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| अभय कुमार गुप्ता | दिनेश पौडेल | बबि कुमार राई |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

मिक्लाजुङ गाउँपालिका, गाउँपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# आगलागीबाट बचौं

सुख्खा मौसम र हावाहुरीका कारण अहिले देश भरीनै आगलागीको घटना भई रहको छ । आगलागी हुनुको मुख्य कारण स्वयम व्यक्ति नै हुन्छ । आगो बाल्दा सावधानी नअपनाउँदा घरमा आगलागी भई धनजन लगायत मानवीय क्षति समेत हुने गरेको छन् । अहिले देशभरी दर्जनौ घर गोठमा आगलागी भई मानवीय क्षति भई करोडौ धनमालका क्षति भएको छ । त्यसै गरी जंगलमा जथाभावी चुरोट खाई फालेको टुक्राले धरै जंगलहरुमा डढेलो सल्केको छ । यो विपद वर्षेनी दोहरीन्छ तर सरकारले त्यसवाट बच्ने वा निययन्त्रण गर्ने ठोस उपाय खोजेको छैन ।

आगो नियन्त्रणको लागि पालिकाहरुमा दमकलको व्यवस्था हुनुपर्छ । तर केही पालिका वाहेको धरै पालिकाहरुमा दमकलको व्यवस्था छैन । जसका कारण आगलागी हुँदा बढी धनजानको क्षति व्यहोर्नु परेको छ । वन तथा भू-संरक्षण विभागका अनुसार बर्सेनि सरदर चार हजार ठाउँमा नेपालमा आगलागी र डढेलोका घटना हुने गरेको तथ्यांक छ । पछिल्लो तीन वर्षमा आगलागीमा परेर तीन सय २५ जनाको मृत्यु भएको, एक हजार तीन सय ७९ जना घाइते भएको छ ।

त्यसैले आगलागीको घटनाले मुलुकलार्य आक्रानत बनाई रहेको वेला नेपाल सरकारले आगलागी र डढेलो लाग्न नदिन सचेतना फलाउनु पर्छ । आगलागी र डढेलो लाग्नुको सबै जसो कारक मानव नै भएकोले संचेतना नै आवश्यक छ । आगलागी भईनै हालेमा त्यसलाई निभाउन आधुनिक साधन धमकलको व्यवसथ गर्न जरुरी छ । नेपाल सरकारले प्रत्येक पालिकाकामा कम्तीमा एउटा दमकलको व्यवस्था गर्नु जरुरी छ । यस्ता संवेदन शील कुरामा सरकार हेलचक्राई नगरी समुचित व्यवस्थापन गर्नुपर्छ ।

# भ्रष्टाचार प्रकरण : सञ्चार माध्यम आक्रामक, दलहरू रक्षात्मक !

**सुदर्शन आचार्य**

राजनीतिक सिद्धान्त, नीति र विचारविपरीत गठबन्धन गरी निर्वाचनमा होमिएको विषयको 'राप र ताप'बीच भएको नेपाली कांग्रेसको महासमिति बैठकको निर्णय लेखन अगावै सत्ताबाट विपक्षी बेञ्चमा पुगेको कांग्रेसभित्रको राजनीति सतहमा हेर्दा 'शान्त तलाउ' झैं देखिएको छ ।

तर, कांग्रेसको संस्थापन पक्षले सत्तालाई नै सर्वेसर्वा ठान्दाको परिणति भने हिजो दिवंगत नेता गिरिजाप्रसाद कोइराला वा आज शेरबहादुर देउवा दुवैकालीन समय आफ्ना गुटका लागि 'अप्रिय' नै सावित हुँदै गएका छन् । जसको पछिल्लो उदाहरणका रुपमा कांग्रेसका केन्द्रीय सदस्य तथा कर्णाली प्रदेशका कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई लिन सकिन्छ ।

वाइडवडी प्रकरणमा शाहीले आफ्नो बैंक खातामा कति मौजाद थपे, त्यो बेग्लै कुरा हो । तर, उनी उक्त प्रकरणबाट उम्कन भने किन सकेनन् भन्दा उक्त प्रकरणमा प्रत्यक्ष आर्थिक फाइदा लिने व्यक्ति वा पक्षको नामै उनले अख्तियारसमक्ष लिन सकेनन् ।

भ्रष्टाचार प्रकरणकै कारण कांग्रेसको संस्थापन पक्ष यतिवेला एकपछि अर्को घटनाका कारण 'रक्षात्मक' अवस्थामा छ । पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईले उन्मुक्ति दिलाउँदै ललिता निवास जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गर्‍यो । तर, उक्त मुद्दामा कांग्रेसका नेता तथा देउवा निकट पूर्व उपसभापति विजयकुमार गच्छदार अदालत धाइरहे ।

प्रतिनिधिसभा नियमावली २०७५ अनुसार भ्रष्टाचार मुद्दा लागेलगत्तै स्वत: निलम्बन हुने व्यवस्था अनुसार हिजो गच्छदार र आज प्रदेशसभा सदस्य जीवन शाही निलम्बनमा परेका हुन् । भ्रष्टाचार निवारण ऐनको दफा ३३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी ऐनको दफा १७ मा पनि सार्वजनिक पद धारण गरेको व्यक्तिलाई भ्रष्टाचारको अभियोगमा मुद्दा दर्ता भएपछि किनारा नलागेसम्म स्वत: निलम्बन हुने व्यवस्था छ ।

तर, 'न्यायका नौ सिङ' भने झैं सांसद टेकबहादुर गुरुङका हकमा भने यी धारा र उपधारा केही पनि आकर्षित भएन । सर्वोच्च अदालतले अनौठो व्याख्या गर्दै उनलाई कानुन निर्माण गर्ने थलो संसदसम्म जाने बाटो 'मुद्दाको किनारा नलाग्दै' खोली दिएर अनौठो नजिर स्थापित गरिदियो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका दिपक बोहरासँग २६ सय ८१ मतले रुपन्देहीबाट पराजित कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाँड स्वयम् पनि 'राजनीतिक अवसान'कै डरले भुटानी शरणार्थी प्रकरणको अन्तिमबिन्दू कहाँ हो भन्न नसकेकै कारण राजनीतिक रुपमा समेत डामिन पुगे ।

दुनियाँलाई थाहा छ, उक्त प्रकरणको माथिल्लो लहरो भनेको केवल खाँड र टोपबहादुर मात्र होइनन् । तर, उनीहरूले उक्त प्रकरणको बेग आफैँमा रोकिदिँदा उनीहरूभन्दा माथिल्लो तहले उन्मुक्ति पाइदियो । उनीहरूभित्र कहीँ कतै आफ्नो बचाऊमा पार्टीको उपल्लो तह लागिपर्छ कि भन्ने पनि थियो होला । तर, आफ्नै पक्षका एकपछि अर्को नेता 'भ्रष्टाचार प्रकरण'मा पर्दै जाँदा बचाऊमा लागिहाल्न सक्ने अवस्थामा थिएनन्, पार्टीका संस्थापन पक्ष ।

त्यसो त, पार्टी सभापति देउवाकै संरक्षणमा लाभ उठाउँदै आएका संस्थापन पक्षका नेता मोहमद अफ्ताव आलम पनि हिरासतमै छन् । रौतहटको राजापुर फरहदवा मा भएको बम काण्डका आरोपी आलम घटनाको बाह्र वर्षपछि पक्राउ परेका थिए ।

उनीमाथि पहिलो संविधानसभाको निर्वाचनको पूर्व सन्ध्यामा 'बुथ कब्जा गर्ने उद्देश्य'ले बम बनाउने क्रममा विष्फोट हुँदा दुई जनाको मृत्युसँगै अन्य घाइते १३ जनालाई ईँटा भट्टामा जिउँदै जलाइएको आरोप आलममाथि लागेको छ ।

संस्थापन पक्षसँग जोडिएर पटक-पटक राजनीतिक लाभ लिएकै कारण अनियमिततासँग जोडिएर कारबाहीको दायरामा आएका घटनाक्रमको श्रृंखला यही मात्र रोकिन्न । हिजो गिरिजाप्रसाद कोइरालाका प्रियपात्र रहँदै सरकारमा प्रभावशाली भूमिकामा देखिएका गोविन्दराज जोशी, तारिणीदत्त चटौत, जेपी गुप्तादेखि चिरन्जीवी वाग्लेसम्मका नेता समेतले आफ्नै लागि भ्रष्टाचार गरे वा भ्रष्टाचार गर्नु पर्नाको 'कारण र पात्र' अरु नै थिए, त्यो उनीहरू नै जानुन् ।

तर, उनीहरूले लामै कारवाहीको प्रकृया भोग्नु पर्‍यो । उनीहरूमध्ये कतिपय को केश पनि जारी छ । कांग्रेसभित्रको राजनीति पनि अनौठो देखिन्छ । भ्रष्टाचार प्रकरण जारी रहेकै बखत पार्टीको महाधिवेशनमा दोस्रो उपल्लो मत लिएर विजयी भएका नेता हुन्- खुमबहादुर खड्का ।

दिवंगत नेता खड्काले प्राप्त गरेको मतका आधारमा भन्ने हो भने एकातिर उनको लोकप्रियता देखिन्थ्यो भने अर्कोतिर कांग्रेस कार्यकर्ताले 'भ्रष्ट र इमान्दार'को परिभाषा छुट्याउनै सक्दैनन् भन्ने पनि प्रष्टिन्थ्यो ।

पार्टी नेतृत्वले कहिल्यै आफ्ना नेता कार्यकर्तालाई इमान्दार बन्नुपर्छ भन्ने पाठ सिकाउनै चाहेन । किनकि, अस्तित्वमा रहेका कुनै पनि राजनीतिक दलका कोही पनि नेताले स्वयम् आफूलाई समेत आजका मितिमा इमान्दार राख्नै सकेनन् ।

भ्रष्टाचार तथा अनियमिततको श्रृंखलाकै कारण राजनीतिक जीवन नै समाप्त हुने उपक्रम कांग्रेसमा मात्र होइन, प्रजातन्त्र प्राप्तियता लामै समय शासन सत्तामा रहेकैले मात्रात्मक हिसाबले कांग्रेसका नेता ज्यादा जेल जाने क्रममा देखिन्छन् । तर, सत्तारुढ दल एमाले र माओवादी समेतले आफ्ना नेता कार्यकर्तालाई 'चोखो' राख्न सकेनन् ।

सुन प्रकरणमा पूर्व सभामुख कृष्णबहादुर महरा र उनका छोरा, उपराष्ट्रपति नन्दबहादुर पुन र उनका छोराहरू, भुटानी शरणार्थी प्रकरणमा रामबहादुर थापा बादलका छोरा, एमाले नेता टोपबहादुर रायमाझी र उनका छोरा दुवैजना, ललिता निवास जग्गा प्रकरणमा एमालेका प्रभावशाली नेता विष्णु पौडेल आदिको नाम सतहमै आयो ।

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# लागुऔषध सहित कोशी प्रदेशवाट २३ पक्राउ

बिराटनगर । लागुऔषध ब्राउन सुगर सहित कोशी प्रदेशको विभिन्न जिल्लावाट २३ जनालाई प्रहरीले पक्राउन गरी अनुसन्धान अगाडी वढाउका छ ।

झापा र धनकुटा जिल्लाको छुट्टाछुट्टै स्थानहरुबाट लागुऔषध सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । झापाको बिर्तामोड नगरपालिका-६ स्थितमा प्रहरी चौकी बुट्टाबारीबाट खटिएको प्रहरी टोलीले ईलाम सन्दकपुर गाउँपालिका-३ का २९ बर्षीय रमेश मगर र मेचिनगर नगरपालिका-७ का २२ बर्षीय अजय राजबंशीलाई शंकास्पद अबस्थामा फेला पारी चेकजाँच गर्दा उनिहरुको साथबाट लागुऔषध ब्राउनसुगर फेला परेपछि पक्राउ गरिएको थियो ।

उनीहरुसंग ६३० मिलिग्राम ब्राउन सुरगर र नगद १ हजार १ सय ८० रुपैंया समेत फेला पारी दुबै जनालाई पक्राउ गरेको थियो । त्यसैगरी धनकुटाको धनकुटा नगरपालिका-७ स्थितबाट नियन्त्रित औषधी टरमाडोल र स्पासमो गरी जम्मा १८० ट्याब्लेट, लागुऔषध गाँजा ३०० ग्राम सहित स्थानीय १९ बर्षीय किरण राई र २३ बर्षीय ओम तामाङलाई जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

त्यसैगरी झापा र सुनसरी जिल्लाकै छुट्टाछुट्टै स्थानबाट लागुऔषध ब्राउनसुगर र नियन्त्रित गाँजा सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । झापाको बिर्तामोड नगरपालिका-३ पन्चकन्याटोल स्थित एक घरमा लागुऔषधको कारोबार भई रहेको छ भन्ने गोप्य सुचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनी र प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले भारत बंगालकी २५ बर्षीया सन्नी सांह र इलामकी २२ बर्षीया मनिसा राईलाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेसंग ब्राउनसुगर ७ ग्राम ६० मिलिग्राम, नेपाली नगद १६ हजार ३६५, भारतिय नगद ३ हजार ९६० रुपैया र बिभिन्न कम्पनीको मोबाईल ४ थान बरामद गरेको थियो । इलाका प्रहरी कार्यालय खजुरगाछीबाट गौरीगंज गाउँपालिका-४ स्थित खटिएको प्रहरी टोलीले को १७ प ४८५३ नम्बरको मोटरसाईकलाई शंका लागी चेकजाँच गर्ने क्रममा मोटरसाईकल चालक गौरादह-१ का १९ बर्षीय लुखिराम बास्कीको साथबाट ब्राउनसुगर ५१० मिलिग्राम फेला पारी मोटरसाईकल पछाडी सवार २३ बर्षीय योगेश राजबंशीलाई समेत नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सुनसरीको धरान-१७ का २९ बर्षीय रोमन बिश्वकर्मा र ३५ बर्षीय राज कुमार बिश्वकर्मालाई ५ मिलिग्राम ब्राउनसुगर र नगद १५ हजार ८१५ रुपैया सहित अस्थाई प्रहरी चौकी रेल्वेबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो । धरान-२० बाट इलाका प्रहरी कार्यालय धरान र अस्थाई प्रहरी पोष्ट विष्णुपादुका बाट खटिएको प्रहरी टोलीले प्रदेश १-०६-००१ प ००८३ नम्बरको मोटरसाईकलाई शंका लागि चेकजाँच गर्दा उक्त मोटर साईकलबाट १३ किलोग्राम गाँजा बरामद गरेसगै मोटरसाईकल चालक धनकुटा सहिदभुमी गाउँपालिका-१ का २४ बर्षीय अनिल कटुवाललाई नियन्त्रणमा लिएको थियो ।

झापा र सुनसरी जिल्लाको छुट्टा छुट्टै स्थानहरुबाट लागूऔषध ब्राउनसगुर सहित ८ जनालाई प्रहरीले मंगलबार पक्राउ गरेको थियो । लागुऔषध नियन्त्रण ईकाई बिराटनगर र जिल्ला प्रहरी कार्यालय सुनसरी तथा मातहत प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले सुनसरी जिल्ला बिभिन्न स्थानहरुबाट लागुऔषध ब्राउन सुगर सहित ६ जनालाई पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका ईटहरी-९ का २४ बर्षीय आकाश थापा, धनकुटा महालक्ष्मी नगरपालिका-९ का २४ बर्षीय बिकाश तामाङ, धरान-१४ का ३२ बर्षीय अविजल थापा, धरान-१५ का २१ बर्षीय मोहन राई, धरान-५ का २२ बर्षीय अनक राई र भोजपुरका २२ बर्षीय बिशन राई समेतलाई १८ ग्राम ३४० मिलिग्राम ब्राउन सुगर र २ वटा मोटरसाईकल, १ वटा स्कुटर सहित नियन्त्रणमा लिएको थियो ।

झापाको अर्जुनधारा नगरपालिका-८ का ३९ बर्षीय सरोज गहदराजलाई १ ग्राम ३६०

वांकी अन्तिम पेजमा...

# रेडियो अपरेटर ग्रेड थ्री ११ औं समूहको तालिम सम्पन्न

बिराटनगर । कोशी प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरको तत्वावधानमा गत फागुन ११ गते देखि संचालन भएको ५६ कार्य दिन अवधिको रेडियो अपरेटर ग्रेड थ्री तालिम ११ औं समूहको तालिम शुक्रवार समापन भएको छ ।

उक्त तालिमको कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी बरिष्ठ उपरीक्षक जयराज सापकोटाको प्रमुख आतिथ्यतामा समापन भएको थियो भने तालिममा सहभागी प्रहरी कर्मचारीहरुलाई वँहाले प्रमाणपत्र समेत प्रदान गर्नु भएको थियो ।

तालिम समापन कार्यक्रम लाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथि सापकोटाले नेपाल प्रहरी संगठनको प्रभावकारी कार्य सम्पादनमा सुचना प्रवाह गरी संगठनको उदेश्य परिपुर्ति गर्न संगठनकै मेरुदण्डको रुपमा रहेको प्रहरी संचार लाई समय परिस्थिति अनुरुप दक्ष जनशक्ति उत्पादन गरी प्रहरी संचार परिचालनलाई सुदृढ, सक्षम तथा जवाफदेही बनाउन प्रहरी संचार सेवा तर्फ उन्नत तालिमहरु संचालन गरिदै आएको बताएका थिए ।

यसका साथै वँहाले प्रशिक्षार्थीहरुसंग अन्तरक्रिया गर्नुका साथै तालिममा सिकेका ज्ञान र सिपलाई कार्य क्षेत्रमा अक्षरस पालना गरी जस्तो सुकै कठिन परिस्थितिमा पनि उच्च मनोवलका साथ सफलतापुर्वक सुचना प्रवाह गर्न निर्देशन समेत दिनु भयो । समापन कार्यक्रममा सिनियर प्रहरी अधिकृत तथा अन्य प्रहरी कर्मचरीहरुको उपस्थिति रहेको थियो ।

कोशी प्रदेश अन्तरगतका जिल्ला प्रहरी कार्यालय तथा मातहत कार्यालयमा कार्यरत ४५ जना पुरुष र ५ जना महिला प्रहरी कर्मचारीहरुको सहभागिता रहेको थियो ।

*यो धुम्रपानको आद्त सजिलो तरीकाले कहाँ छुट छ, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।*

## हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

स्वास्तिक आयल इन्ड्रष्ट्रिज प्रा.लि.
परिवार, विराटनगर

## हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

राजकुमार यादव (जिल्ला अध्यक्ष)
जनता समाजवादी पार्टी मोरंग

**नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| | | |
|---|---|---|
| विनोद कुमार न्यौपाने<br>प्र. प्रशासकइय अधिकृत | अकली चौधरी<br>नगर उप-प्रमुख | केदार प्रसाद गुरागाई<br>नगर प्रमुख |

सुन्दरहरैंचा नगरपालिका, नगरपालिकाको
कार्यालय मोरंग कोशी प्रदेश

**नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| | | |
|---|---|---|
| किरण प्रसाद ढकाल<br>प्र. प्रशासकइय अधिकृत | नितु थापा कोइराला<br>नगर उप-प्रमुख | दिल प्रसाद राई<br>नगर प्रमुख |

वेलवारी नगरपालिका, नगरपालिकाको
कार्यालय मोरंग, कोशी प्रदेश

# प्रदेशसभाको अवहेलना गरेको भन्दै कारवाही गर्न माग

विराटनगर । कोशी प्रदेशसभा को किचलो भई रहेको वेला कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की र मुख्य न्यायाधिवक्ता रुपेश कोइरालाले प्रदेशसभाको विशेषाधिकारको हनन् गरेको र प्रदेशसभाको अवहेलना गरेको भन्दै ऐमाले र माओवादीले कारवाही गर्नु पर्ने माग गरेका छन् ।

शुक्रवार प्रदेश सभा सचिवालयमा पत्रकार सम्मेलन गर्दै एमाले संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारी र माओवादीका प्रदेश सांसद तथा पूर्वमन्त्री गणेश उप्रेतीले सो माग गरेको छन् ।

'मुख्यमन्त्रीले नियुक्त गरेका मुख्य न्यायाधिवक्ता रुपेश कोइरालाले रायको नाममा जे जस्ता पत्राचार, टिप्पणी गर्ने र सार्वजनिक गर्ने कार्य संविधानको धारा १८७ को उपधारा २ अनुसार प्रदेशसभाको विशेषाधिकार उल्लङ्घन गरेको भन्दै एमालेका प्रमुख सचेतक भण्डारीले भने, 'प्रदेशसभाले प्राप्त गरेको विशेष अधिकारको प्रयोग प्रदेशसभाले मात्रै गर्न पाउँछ । अदालतमा पनि प्रश्न उठाउन पाउँदैन । प्रदेशसभाले संविधानको धारा १९१ को प्रतिबन्धात्मक व्यवस्था बाहेकको कुरामा जुनसुकै विषयमा प्रदेशसभाले निर्णय गर्ने अधिकार राख्छ । यदि संकल्प प्रस्ताव गलत रहेछ भन्ने लाग्छ भने सर्वोच्च अदालत जाँदा जादा भईगोनी । तर, अदालत जानुको साटो त्यसको हनन् गर्ने, विरोध गर्ने, विपक्षमा राय लेख्ने कुराले उहाँले संविधानको बर्खिलाप गरेको धारण राखका थिए ।

त्यसैगरी माओवादी नेता उप्रेतीले पनि प्रदेशसभाको विशेषाधिकार हननमा मुख्य न्यायाधिवक्ता कोइरालालाई जेल पठाउने चेतावनी दिए । 'मुख्य न्यायाधिवक्ताले नै प्रदेशसभाले पाएको विशेष अधिकारको हनन् गरेका छन् । संविधानको १८७ को उपधारा ७ र ८ बमोजिम कारबाही गर्नुपर्ने अवस्था रहेको छ । त्यसको लागि हामी प्रदेशसभामा प्रस्ताव राख्छौं,' उनले भने, 'प्रदेशसभाले १८७ को उपधारा ७ र ८ अनुसार छलफल गरेर निर्णय गर्नुपर्ने देखिएको छ । यदि त्यस्तो अवस्थामा प्रदेशसभाले आवश्यक निर्णय गरेर नयाँ नजिर कायम गराउन सक्छ । अब कोशी प्रदेशसभा कुनै पनि बेला न्यायलयमा परिणत हुनसक्ने अवस्था सिर्जना भएको छ ।'

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेश प्रमुख पर्शुराम खापुङ्लाई गत मङ्गलवार 'जानकारी गराएको सम्बन्धमा' भन्दै ती पृष्ठ लामो पत्र हस्तान्तरण गरे । उक्त पत्रको अन्तिममा ५ बुँदा निष्कर्ष निकाल्दै आफ्नो नेतृत्वको सरकार दुईवर्षसम्म हटाउन कसैले नसक्ने जिकिर गरिएको छ र प्रदेशसभाबाट पारित संकल्प प्रस्ताव असंवैधानिक रहेको उल्लेख छ ।

त्यस अगाडि गत वैशाख १० गते प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता रुपेश कोइरालाले मुख्यमन्त्रीलाई दिएको रायमा संकल्प प्रस्ताव अवैधानिक रहेको भन्दै चार कारण उल्लेख गरेका छन् । जसमा संकल्प प्रस्तावका माध्यमबाट बाहलमा रहेको प्रचलित कानून तथा संविधान विरुद्धको निर्णय गर्न नमिल्ने जिकिर गरिएको छ ।यस्तै संसदबाट वैशाख ७ गते पारित भएको संकल्प प्रस्ताव अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिनु नपर्ने, प्रदेशसभाको संकल्प प्रस्तावले सवैधानिक रुपले राजीनामा गर्नु सवैधानिक बाध्यता नरहेको, प्रशासनिक तथा आर्थिक कार्य नगर्न नगराउन संकल्प प्रस्तावका माध्यामबाट निर्देशन जारी हुन सक्ने अवस्थाको परिकल्पना कुनै पनि कानूनमा नगरिएको र २०८१ वैशाख ७ गतेको सार्वभौमसत्ता सम्पन्न प्रदेशसभामा छलफल भइ पारित भएको संकल्प प्रस्ताव प्रदेशसभाको सम्पत्तीको रहने तथा मुख्यमन्त्रीलाई व्यक्तिगत रुपमा संवैधानिक दायित्व सिर्जना नहुने उल्लेख छ ।

मुख्यमन्त्रीले प्रदेशका प्रमुख पर्शुराम खापुङलाई पठाएको पत्रमा "..संविधानको संरक्षकका रूपमा रहेको पदबाट गैह्र संवैधानिक अभ्यासमा संलग्न गराउने गरी भएको प्रयत्नका आधारमा क्रियाशील भई दशकौं लामो प्रयास तथा १७ हजार भन्दा बढीको बलिदानबाट प्राप्त संविधानको रक्षा तथा नेपालमा संघीय गणतान्त्रिक लोकतन्त्रलाई बलियो बनाउँदै संविधानको कार्यान्वयन गर्न प्रदेश प्रमुख जस्तो सवैधानिक रूपमा रहेको प्रदेश प्रमुखले अझ गम्भीर भई संविधानको मर्म एवं भावनाको संरक्षण गर्न क्रियाशील हुनुपर्ने अवस्था रहेको ब्यहोरा नेपालको संविधानको धारा १७३ बमोजिम जानकारी गराउँदछु' भनिएको छ ।

**के छ संविधानमा ?**

संविधानको धारा १८७ मा प्रदेशसभाको विशेषाधिकारबारे उल्लेख छ । सोही धाराको उपधारा ७ र ८ मा प्रदेशसभाले कारवाही गर्नसक्ने उल्लेख छ । सोही धाराको उपधारा ७ मा विशेषाधिकारको हननलाई प्रदेशसभाको अवहेलना मानिने र कुनै विशेष अधिकारको हनन् भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार प्रदेशसभालाई मात्रै हुने उल्लेख छ । 'विशेषाधिकारको हननलाई प्रदेश सभाको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार प्रदेश सभालाई मात्र हुनेछ,' उक्त उपधारामा भनिएको छ । उपधारा ८ मा भने त्यस्तो विशेषाधिकार हनन् गर्ने व्यक्तिलाई प्रदेशसभाले नै कारबाही र जरिमाना गर्नसक्ने व्यवस्था छ ।

'कसैले प्रदेश सभाको अवहेलना गरेमा त्यस्तो सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रदेश सभाको निर्णयबाट त्यस्तो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महीनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो जरिबाना सरकारी बाँकी सरह असूल उपर गरिनेछ । तर प्रदेश सभालाई सन्तोष हुने गरी त्यस्तो व्यक्तिले क्षमायाचना गरेमा त्यस्तो सभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी वा कम गर्न सक्नेछ,' उक्त उपधारामा उल्लेख छ । अवहेलना र सर्वोच्चताको हनन् कसरी हुन्छ भन्ने विषयमा पनि सोही धाराको उपधारा १, २, ३, र ४ मा स्पष्ट लेखिएको छ ।

संविधानको धारा १९१ मा भने प्रदेशसभामा छलफल गर्न नहुने विषय उल्लेख गरिएको छ । त्यसबाहेक अन्य विषय छलफल गर्न र निर्णय गर्न भने प्रदेशसभा स्वतन्त्र रहेको भण्डारीको तर्क छ । 'बहसमा बन्देज : नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाका सम्बन्धमा न्याय निरूपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा प्रदेश सभामा कुनै छलफल गरिने छैन,' संविधानको धारा १९१ मा उल्लेख छ । प्रदेशसभामा मुख्यमन्त्री कार्कीको विषयमा संकल्प प्रस्ताव दर्ता गरेर छलफल र पारित गर्दा उक्त धाराको उल्लंघन नभएको एमाले र माओवादीको तर्क छ ।

मुख्यमन्त्री कार्यालयले भने संविधानको धारा १८८ को उपधारा ४ विपरीत प्रदेशसभामा संकल्प प्रस्तावको माध्यमबाट सरकारलाई हटाउन खोजिएको भन्दै प्रदेशसभाले संकल्प प्रस्तावमार्फत दिएको सन्देश नै असंवैधानिक रहेको जिकिर गर्दै आएको छ ।

# तालिम केन्द्रमा नवनिर्मित बाधापारको समुद्घाटन

विराटनगर । कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरको परिसरमा नव निर्मित बाधापारको प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङले समुदघाटन गर्नु भएको छ ।

बुधवार तालिम केन्द्र परिसरमा भएको एक कार्यक्रमका विच प्रदेश प्रहरी प्रमुख खापुङले नव निर्मित बाधापारको समुदघाटन गर्नुका साथै बाधापारको निरीक्षण तथा प्रहरी कर्मचारीहरुद्वारा गरिएका बाधापारको नमुना प्रदर्शनीको समेत अवलोकन गर्नु भएको थियो ।

बाधापारको निरीक्षण अवलोकन पश्चात कार्यक्रमलाई सम्बोधन गर्नु हुदै प्रदेश प्रहरी प्रमुख खापुङले स्थापनाकाल देखिनै दक्ष प्रहरी जनशक्ति उत्पादन गर्दै आएको यस प्रहरी तालिम केन्द्रले प्रशिक्षण पद्दतिलाई समयानुकुल व्यवस्थित र बैज्ञानिक ढंगबाट प्रशिक्षण प्रदान गर्नमा नव निर्मित बाधापारले थप टेवा पुग्ने बिश्वास व्यक्त गरेका थिए ।

वहाँले बाधपार अभ्यास तालिमा सहभागी प्रहरी कर्मचारीलाई मात्र नभई सम्पुर्ण प्रहरी कर्मचारीहरु समेतले उक्त अभ्यास दैनिकरुपमा गर्नु पर्ने बताएका थिए । तालिम केन्द्रेको आफ्नै आन्तरिक सिमित स्रोत साधन र जनशक्तिबाट बाधापार निर्माण गर्न उल्लेख्य योगदान पुऱ्याउनु हुने समादेशक लगायत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई विशेष धन्यवाद समेत व्यक्त गरेका थिए ।

तालिम केन्द्रले प्रशिक्षण पद्धतिलाई आधुनिक, व्यवस्थित तथा उपलब्धिमुलक बनाई नयाँ चुनौतीसँग सामना गर्न सक्षम, व्यावसायिक एवं कर्तव्यनिष्ठ प्रहरी जनशक्तिको उत्पादनमा निरन्तर अगाडि बढिरन र देशकै नमुना तालिम केन्द्रकोरुपमा सदैव स्थापित राख्न कार्यरत प्रशिक्षक लगायत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन खापुङले निर्देशन दिएका थिए ।

उक्त कार्यक्रममा तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक राजन अधिकारीले प्रमुख अतिथि लगायत कार्यक्रममा उपस्थित सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुका साथै नेपाल प्रहरीको वाधापार अभ्यास सम्वन्धि मापदण्ड २०७८ र नेपाल प्रहरीको तालिम संचालन कार्यादेश २०७९ अनुसार वाधापार निर्माण गरिएको वताएका थिए । साथै वाहाँले बाधापार अभ्यासले प्रहरी कर्मचारीहरुको शारिरिक र मानसिक स्वास्थ्य सुदृढ हुनुका साथै कार्य क्षमता अभिबृद्धि भई प्रहरीको कार्य सम्पादनमा प्रभावकारीता आउने जानकारी गराएका थिए ।

उक्त कार्यक्रममा प्रमुख अतिथि खापुङले वाधापार संरचना निर्माण कार्यमा उल्लेखनिय योगदान पुऱ्याउनु हुने प्रहरी कर्मचारीहरुलाई प्रशंसा पत्रले सम्मान गर्नु भएको थियो । कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक जयराज सापकोटा लगायत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

राज कुमार केसी, प्र. प्रशासकइय अधिकृत
मिना कुमारी खतिवडा, नगर उप-प्रमुख
गंगा प्रसाद खरेल, नगर प्रमुख

उर्लाबारी नगरपालिका, नगरपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

हिमालय बराल, प्र. प्रशासकइय अधिकृत
कृष्ण कुमारी पोखरेल निरौला, नगर उप-प्रमुख
भुपेन्द्र कुमार लावती, नगर प्रमुख

लेटाङ नगरपालिका, नगरपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश

## भ्रष्टाचार...

पार्टी संस्थापन पक्षको बन्ने, उचित या अनुचित लाभ लिने र सकेसम्म राजनीति शक्तिको आड्मा बच्ने उपक्रमले पार्टीहरूको त बद्नामी भयो नै यी र यस्ता घट्नाले संघीय लोकतान्त्रिक गणतन्त्रको समेत बद्नामी हुँदै गएको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल, समाजवादी अध्यक्ष माधवकुमार नेपाल र मधेशवादी दलमा समेत अध्यक्षाको निकट बन्ने र अनुचित लाभ लिनेको संख्यामा पछिल्ला वर्षहरूमा ह्वात्तै बढोत्तरी आएको छ ।

पार्टी अध्यक्ष तथा प्रधानमन्त्रीहरूकै आड्मा भ्रष्टाचार गरेर पार्टी अध्यक्षकै तहमा 'रकम कलम' पुर्‍याइन्छ वा सभापति तथा प्रधानमन्त्रीलाई राजनीतिक रुपमा बलियो बनाउने बाहनामा 'रकम कलम' चाहिँ आफैँ राखिन्छ त्यो भने गर्भकै विषय रह्यो । तर, कारबाहीको भागीदार भने हालसम्मका घटनामा कुनैपनि पार्टी सभापति तानिएका छैनन् ।

देउवा निकटकै नेताद्वय ज्ञानेन्द्रबहादुर कार्की र मोहनबहादुर बस्नेत जोडिएको टेरामक्स जोडिए । त्यसअतिरिक्त ओम्नी, स्टकएक्सचेञ्ज, टिकापुर जग्गा, बुढीगण्डकी हुँदै गोकुल बाँस्कोटा जोडिएको ७० करोडको टेप प्रकरण, गिरीबन्धु टी स्टेट, आयल निगम जग्गा खरिद, भृकुटी मण्डप जग्गा प्रकरण, एमडीएमएस प्रकरण, वाइडवडी खरिद प्रकरण तथा सिक्टा सिँचाइ, सांसद अपहरण, ई-पासपोर्ट, रासायनिक मल खरिद, आदि प्रकरण चर्चामै रहिरहेका छन् ।




यीमध्ये कतिपय अदालतमा पुगेका छन् भने कतिपय सम्भवत: अख्तियारले छानबिन गरिरहेको छ । उल्लेखित सबै प्रकरणको पटाक्षेप र अवतरण हेर्न बाँकी नै छ ।

माथि उल्लेखित ठूला भनिएका प्रकरणलाई नै ओझेलमा पार्ने गरी नयाँ उदायका राजनीतिक दल सम्बद्ध नेता जदोडिएको सहकारी प्रकरणले संचार माध्यमदेखि संसदसम्म तताएको छ । सरकारका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने तथा राष्ट्रिय स्वतन्त्र पार्टीकै अर्का नेता तथा मन्त्री डिपी अर्याललगायत त्यही पार्टीका अन्य नेता जोडिएको सहकारी ठगी प्रकरणलाई लिएर कांग्रेसले संसद अवरुद्ध गर्दै आएको छ ।

सहकारी ठगीमा आफू संलग्न नरहेको जिकिर उपप्रधान तथा गृहमन्त्री लामिछानेले कांग्रेसलाई चुनौति दिएका छन् । आफू जही पनि बहस गर्न तयार भएको बताउँछन् । लगत्तै कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले सार्वजनिक सञ्चार माध्यम तथा संसदमै 'संसदीय छानबिन समिति' गठन गरौं र बहस पनि त्यही गरौं भने लगत्तै 'सहकारी ठगी प्रकरण'को विषय पेचिलो बन्दै गएको छ ।

लामिछानेलाई के लागेको हुन सक्छ भने संसदीय समितिले छानबिन गर्यो भने तथ्य-प्रमाण बाहिर आउन सक्छन् भन्ने त्रासमा रहेको स्पष्ट हुन्छ । नत्र संसदीय छानबिन गराउन अवरोध गर्नुको कुनै अर्थ थिएन ।

कुनै न कुनै दिन यथार्थ के भन्ने विषय बाहिर आउँला नै, तर नयाँ भनिएका दल र तीनका नेता कार्यकर्ताको सहकारी प्रकरण, नागरिकता, पासपोर्ट आदि केसकै कारण 'जुन जोगी आएपनि कानै चिरेको' भन्ने उखान चरितार्थ भएको छ ।

समग्रमा भ्रष्टाचार प्रकरणमा नयाँ पुराना सबै दलका नेता 'रक्षात्मक' र सञ्चार माध्यम भने 'आक्रामक' देखिएका छन् । वास्तवमा भ्रष्टाचारका सम्बन्धमा अख्तियार, मिडिया र जनता भन्दा पनि पहिला सरकार र दलहरू सचेत रहँदै आफ्नो बोलीमा भन्दै 'भ्रष्टाचारका विषयमा शून्य सहनशीलता'को नीति अपनाउन सक्नुपर्दथ्यो ।

तर, भइदियो उल्टो, सरकार र सरकारमा रहने दल सत्ताकै आडमा त्यो पनि सकेसम्म कारबाहीबाट बच्न मन्त्रिपरिषद्बाट 'नीतिगत निर्णय' गराएर भ्रष्टाचार गरिनैरहेका छन् । मिडियाले चर्को दबाब दिनैपर्ने र आयोगले अदालतमा पुर्‍याएका घटनामा पनि 'टेकबहादुर गुरुङहरूले झैं आश्चर्यजनक उन्मुक्तिको बाटो' पाउने श्रृंखलाले नेपाल अब बन्दैन भन्नेहरूको भनाईलाई बल पुग्दै गएको छ ।

आयोगले ठूलालाई नछुने र सानालाई नछाड्ने अनि भ्रष्टाचार छानबिनका पक्षधरहरू 'गगन, विश्व, प्रदिप र योगेशसँगै माधव सापकोटाहरू नबोल्ने हो भने 'भ्रष्टाचारकै कारण दलहरूका विरुद्ध' अर्को जनआन्दोलनको आँधीबेहरी उठ्न सक्छ । दलहरूका लागि त्यतिबेला सच्चिने समय पनि घर्किसकेको हुनेछ ।

मूलधारका दलहरूले सोच्नै पर्ने अर्को विषय भनेको राजनीतिक स्थीरताको विषय हो । एकातिर लगानी सम्मेमलन पूर्व नेपालको छवि नै विश्वमा 'भ्रष्ट छवि'को सन्देश गएको छ । अख्तियारलाई राजनीतिमुक्त स्वतन्त्र संस्थाको रुपमा छानबिन गन सक्ने बनाइनुपर्छ ।

अर्कातिर कांग्रेससहितको हिजोको गठबन्धन निर्वाचनमा जानुपूर्व समृद्धि र सुशासनसँगै राजनीतिक स्थीरताको विषय पनि 'चुनावी मुद्दा' बनाएकाले त्यो तहमा सोच्न जरुरी छ ।

सुशासनकाबारे माथि लामै व्याख्या गरियो । राज्य सुशासन कायम गर्ने सन्दर्भमा असफल त भयो नै समृद्धिको सन्दर्भमा समेत असफल सावित भयो । राजनीतिक स्थीरताका सन्दर्भमा भने दलहरू कम्तीमा एकै ठाउँ उभिएर निर्वाचनमा कम्तीमा एउटा दलले बहुमत ल्याउने र पाँच वर्ष सरकार सञ्चालन गर्ने बाटोमा मुलुकलाई लैजान 'संविधान संशोधन' हुन सकेन भने मुलुक एक पटक 'स्टन्टबाज'हरूकै हातमा जाने निश्चित प्राय: छ ।

त्यतिबेला 'न रहे बाँस, न बजे बाँसुरी'बाट मुलुकलाई जोगाउने शक्ति समेत पाउन मुस्किल हुने अनुमान निकाल्न कठिन छैन । १२खरीबाट

## दुर्व्यसन विरुद्ध आमाहरु

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालयद्वारा तयार गरीएको कार्ययोजना कार्यन्वयनलाई निरन्तरता दिदै विहीवार जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं ०७ स्थित रंगेली नगर पालिकाको सभाहलमा "दुर्व्यसन विरुद्ध आमाहरु" कार्यक्रम सम्पन्न भएको छ ।

रंगेली नगरपालिकाका नगर प्रमुख दिलिप बगडियाको प्रमुख आतिथ्यता रंगेली नगर क्षेत्र भित्र क्रियाशिल आमा समुह, महिला अधिकारकर्मी, औषधी व्यवसायी, जन प्रतिनिधीहरु लगायत ५५ जनाको उपस्थितिमा लागु औषध दुर्व्यसन विरुद्ध स्थानिय पालिका, आमा समुह समेतलाई सक्रिय रुपमा जिम्मेवार बनाउने उदेश्यका साथ दुर्व्यसन विरुद्ध आमाहरु कार्यक्रम सम्पन्न गरिएको थियो ।

प्रमुख अतिथि दिलिप बगडियाले लागु औषध दुर्व्यसनको सामाजिक तथा व्यक्तिगत असर एवम हानी नोक्सानी बारे चर्चा गर्दै यस अभियानको सफलताको शुभकामना समेत व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कार्यालयका कार्यालय प्रमुख प्रहरी निरीक्षक बुद्धिराम चौलागाईले दुर्व्यसनको प्रारम्भिक लक्षणहरु, रोकथाम तथा नियन्त्रणका उपाय, कानुनी प्रावधान, यस अभियानको औचित्य लगायतका विषयहरु समेटिएको "दुर्व्यसन विरुद्ध आमाहरु" विषयक प्रस्तुतिकरण प्रस्तुत गर्नुभएको थियो ।

भने उक्त अवसरमा लागु औषध दुर्व्यसन (उत्पादन, बिक्री वितरण, ओसारपसार तथा सेवनकर्ताहरु) विरुद्ध आमाहरुलाई क्रियाशिल बनाई लागु औषध दुर्व्यसनबाट हुने अपराध न्युनिकरण गर्ने कार्यमा आमा तथा आमा समुहहरुलाई सक्रिय बनाई दुर्व्यसन न्युनिकरण कार्यमा सहयोग, समन्वय र सहकार्यका लागी रंगेली नगरपालिकाकी उप-प्रमुख भुमा कुमारी पराजुलीको अध्यक्षतामा ११ सदस्य रहने गरी "दुर्व्यसन विरुद्ध आमाहरु-पालिका स्तरिय समिति" समेत गठन गरिएको थियो ।




नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गाउँवासीहरूको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

हिरा कुमारी यादव, प्र.प्रशासकिय अधिकृत | भोला प्रसाद अधिकारी, उपाध्यक्ष | राजमती इड्ङनाम, अध्यक्ष

कानेपोखरी गाउँपालिका, गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गाउँवासीहरूको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा बा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

सुवास श्रेष्ठ, प्र.प्रशासकिय अधिकृत | मनमाया मगर, उपाध्यक्ष | सुमन मिरिङचिङ, अध्यक्ष

केरावारी गाउँपालिका, गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश